मिति :- २०८३/०१/२२ गते

समय :- दिउँसो ठीक १:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ६० औं बैठक का.बा. नगर प्रमुख श्री इश्वरी कुमारी शर्मा बि.एम.ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | इश्वरी कुमारी शर्मा (बि.एम.) | का.बा. नगर प्रमुख | |
| २ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ३ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ४ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ५ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ६ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ७ | जयप्रकाश वोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ८ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| ९ | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| १० | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| ११ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १२ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १३ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १४ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १५ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १६ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १७ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १८ | भिमा थापा | कार्यपालिका सदस्य | |
| १९ | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २० | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २१ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २२ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २३ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २४ | रामप्रसाद शर्मा | सचिव | |

CamScanner

मिति २०८३ वैशाख २२ गतेको ६० औं नगर कार्यपालिका बैठकका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धमा | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने। | |
| ३ | आन्तरिक राजश्व सङ्कलनको प्रगति सम्बन्धमा | यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को आन्तरिक राजश्वको लक्ष्यबमोजिमको प्रगति हासिल गर्न आन्तरिक राजस्वकमा शीर्षकगत क्षेत्रको पहिचान गरी अभियानको रुपमा नियमित कर तिर्ने व्यवस्थाका लागि वडा कार्यालय र राजश्व उपशाखालाई सञ्चालन निर्देशन दिने। | |
| ४ | क्रसर उद्योगको अनुमति तथा नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा | कर्णाली प्रदेश सरकारबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, क्रसिङ्ग र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ र संघीय सरकारबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बाझिएकोले संघीय सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम क्रसर उद्योग सञ्चालनको व्यवस्थापन गर्ने। | |
| ५ | कम्प्युटर ल्याव स्थापनाका लागि साझेदारी गर्ने सम्बन्धमा | आर्थिक वर्ष २०८२/०८३ मा KISC EQUIP र श्री आधारभूत विद्यालय मनकोट चौरजहारी नगरपालिका-४, रुकुम (पश्चिम भाग) र माध्यमिक विद्यालय कोटजहारी, चौरजहारी नगरपालिका-७, रुकुम (पश्चिम भाग) बीच कम्प्युटर ल्याव स्थापना गर्न द्विपक्षीय सम्झौता भइ फर्निचर खरिद तथा ल्याव व्यवस्थापन विद्यालयहरूले गर्ने सहमति भएकोमा विद्यालयहरूसँग आर्थिक स्रोतको अभाव भएकोले उक्त कार्यक्रम सञ्चालनका लागि लागत साझेदारी वापतको रकम भुक्तानी दिने। | |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा वि.एम.
का. वा. नगर प्रमुख

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| ६ | कक्षा सञ्चालन अनुमति र शिक्षक व्यवस्थापन सम्बन्धमा | श्री जनप्रिय आधारभूत विद्यालय अंगेरी चौरजहारी नगरपालिका- ८, रुकुम (पश्चिम भाग) मा यस अघि कक्षा १ को पठनपाठन सञ्चालन आएकोमा शैक्षिक सत्र २०८३ देखि उक्त विद्यालयलाई कक्षा १ सञ्चालनको अनुमति प्रदान गरी एक जना शिक्षक समेत व्यवस्थापन गर्ने। | |
| ७ | लिफ्ट खानेपानी कन्ट्रोलर खरिद गरी हस्तान्तरण गर्ने सम्बन्धमा | चौरजहारी नगरपालिका-६, खागल रुकुम (पश्चिम भाग) स्थित जलचौखे ग्रामीण सौर्य खानेपानी माझपोखरामा सञ्चालित सौर्य पम्पिङ् खानेपानी आयोजनाको कन्ट्रोलर विग्रेर खानेपानी सञ्चालन हुन नसकेकोले प्राविधिक लागत अनुमान तयार गरी कन्ट्रोलर खरिदको लागि खानेपानी मर्मत तथा सम्भार शीर्षकबाट भुक्तानी हुने गरी खानेपानी आयोजना सञ्चालन गर्ने व्यवस्थाका लागि नगरपालिका कार्यालयलाई निर्देशन दिने। | |
| ८ | न्यायिक समितिको निर्णय तथा सहमति कार्यान्वयन गर्ने सम्बन्धमा | चौरजहारी नगरपालिकाको न्यायिक समितिको निर्णय तथा सहमति कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५२ बमोजिम कार्यान्वयनका लागि समिति गठन गरी सोही समिति मार्फत न्यायिक समितिका निर्णय तथा सहमति कार्यान्वनय गर्ने साथै आवश्यकता अनुसार अन्य कार्यालयको समेत सहयोग लिने गरी आवश्यक समन्वय गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने। | |
| ९ | विपद्बाट प्रभावित नगरवासीको लागि राहत वितरण गर्ने सम्बन्धमा | चौरजहारी नगरपालिका क्षेत्रभित्र विभिन्न मितिमा विपदबाट क्षतिभएका जनधनको क्षतिको सम्बन्धमा प्रहरी मुचुल्का सहित सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा क्षतिलाई आधार मानी नगरपालिकाको विपद् व्यवस्थापन कार्यविधि र विपद कोषको अवस्थाका आधारमा समानता हुने गरी राहत वितरण गर्ने। | |
| १० | योजना सम्झौताको अन्तिम मिति किटान गर्ने सम्बन्धमा | उपभोक्ता समितिमार्फत सञ्चालन हुने आ.व. २०८२/०८३ को लागि स्वीकृत सम्पूर्ण योजना तथा कार्यक्रमहरू विविध कारणवस सम्झौता हुन बाँकी रहेका योजनाहरूको वडा कार्यालयको सहजीकरणमा उपभोक्ता समिति गठन गरी उक्त गठन भएको | |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | समितिले अनिवार्य रुपमा सम्झौता गर्ने कार्यका लागि समयसिमा तोक्ने। | |
| ११ | सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण हटाउने सम्बन्धमा | नगरपालिका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवारमध्ये भूमि समस्या समाधान आयोग (राष्ट्रिय भूमि आयोग) को लगत संकलन समेतलाई आधार मानी वास्तविक सुकुम्वासी पहिचानको लागि वडा कार्यालयहरू मार्फत विवरण माग गरी वास्तविक सुकुम्वासीहरूलाई तत्काल अन्यत्र व्यवस्थापनको लागि तयारी गर्ने र सरकारी र सार्वजनिक जग्गा अतिक्रमण हटाउने। | |
| १२ | योजनाको नाम त्रृटी सच्याउने सम्बन्धमा | यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार मिति २०८२ माघ १० गते बसेको नगर सभा बैठकबाट चौरजहारी नगरपालिका वडा नं. ११, रुकुम (पश्चिम भाग) स्थित खानेपानी आयोजनाको नाम तिमिलेचौर सल्लेरी धामीखोला खानेपानी योजना निर्माण हुनुपर्नेमा अन्यथा भइ तिमिलेचौर धामीखोला सिंचाइ ट्याङ्की निर्माण भएकोले उक्त योजनाको नाम त्रृटी सच्याइ तिमिलेचौर सल्लेरी धामीखोला खानेपानी योजना निर्माण गराउने। | |
| १३ | आर्थिक विकास समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा | यस चौरजहारी नगरपालिकाको आर्थिक विकास समितिको मिति २०८३/०१/२१ गते बसेको बैठकले व्यवसायिक फलफूल खेति गर्ने कृषकहरूको लागि बारीमा प्लास्टिक पोखरी तथा साना सिंचाइ कार्यक्रम सञ्चालन गर्न प्रस्तावहरू गरिएको निर्णय अनुमोदन गर्ने | |
| १४ | पार्किङ्ग व्यवस्थापन सम्बन्धमा | यस चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग) मा निर्माण भएको वसपार्क उपयोग विहिन अवस्थामा रहेको तर बजारक्षेत्र भरी सवारी साधनहरू अव्यवस्थित रूपमा छरिएर रहने गरेको देखिएकोले सार्वजनिक यातायातका सवै सवारी साधनहरूलाई बसपार्कमा पार्किङ्ग गर्ने व्यवस्था मिलाउने। | |
| १५ | अनुगमन तथा छानविन समिति गठन गरी कार्यक्षेत्र तोक्ने सम्बन्धमा | यस चौरजहारी नगरपालिकाको सुशासन, सेवा प्रवाह, खरिद व्यवस्थापन, राजस्व संकलन लगायत आयोजनाहरूको भुक्तानी सम्बन्धमा सत्यतथ्य छानविन तथा अनुगमन गर्ने र सोको प्रतिवेदन बुझाउने | |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | गरी अनुगमन तथा छानविन समिति गठन गर्ने । | |
| १६ | शिबिर सञ्चालनको लागि स्थान तोक्ने सम्बन्धमा | हेल्थ केयर अस्पताल तथा प्रसुती गृह प्रा.लि. नेपालगञ्ज, बाँकेको आयोजनामा सञ्चालन हुने निसन्तान तथा बाझोपन सम्बन्धी स्वास्थ्य शिबिर सञ्चालनको लागि मिति, समय र स्थान तोक्ने । | |
| १७ | अस्पताल सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा | यस चौरजहारी नगरपालिका-१० स्थित सहिद स्मृति नगर अस्पतालको अस्पताल सञ्चालक समितिको मिति २०८३/०१/१० गते बसेको बैठकबाट भएका निर्णयहरू अनुमोदन गरी कार्यान्वयन गर्ने । | |
| १८ | नवप्रवर्द्धन साझेदारी परियोजना कार्यान्वियन गर्ने सम्बन्धमा | कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार नवप्रवर्द्धन साझेदारी कार्यक्रमबाट यस नगरपालिकाको प्रविधिमैत्री शिक्षाका लागि डिजिटल कक्षाकोठा व्यवस्थापन परियोजना कार्यक्रम स्वीकृत भएकोले उक्त कार्यक्रमबाट प्राप्त बजेट ब्रेकडाउन गर्ने । | |
| १९ | हरित जहारीखोला कार्यक्रम कार्यान्वियन सम्बन्धमा | मिति २०८२/११/२७ गतेको कार्यपालिका बैठकबाट हरित जहारीखोला कार्यक्रम वडा नं. ८ मा कार्यान्वयन गर्ने गरी छनोट भएकोमा उपयुक्त जग्गा उपलब्ध हुन नसकेमा सीमाना जोडिएको क्षेत्र वडा नं. ७, ३ र २ मा सम्बन्धित लागग्राहीहरूले जग्गा भाडामा लिई कार्यक्रम कार्यान्वयन गर्न सक्ने । | |
| २० | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धमा | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम सञ्चालित योजनाहरूको अनुगमन तथा निरीक्षण, बालुवा, गिट्टी, ढुङ्गा लगायतका प्राकृतिक स्रोतहरूको राजस्व सङ्कलन तथा अन्य महत्वपूर्ण कार्यहरूमा खटिएका कर्मचारीहरूलाई कार्य सम्पादनको प्रकृति र आवश्यकताका आधारमा इन्धन उपलब्ध गराउने । | |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

## मिति २०८३ वैशाख २२ गतेको ६० औं नगर कार्यपालिकाको बैठकका निर्णयहरू

**निर्णय नं. १ : 'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्था सम्बन्धी समीक्षा गरियो । साथै यस अघिका कार्यान्वियन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ : 'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धमा'** छलफल गर्दा यस नगरपालिकाको नगरसभाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वियनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वियन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : 'आन्तरिक राजश्व सङ्कलनको प्रगति सम्बन्धमा'** छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को आन्तरिक राजश्वको लक्ष्यबमोजिमको प्रगति हासिल गर्न र आन्तरिक राजश्वको सक्षमता अभिवृद्धि गर्न राजश्व सङ्कन गर्ने कार्यलाई व्यवस्थित गर्न वडा कार्यालय र नगरपालिका कार्यालयबाट हुने सेवामा मालपोत कर, सम्पत्ति कर लगायतका करहरूलाई अभियानको रूपमा नियमित कर तिर्ने व्यवस्था वडा कार्यालय र राजश्व उपशाखालाई सञ्चालन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४: 'क्रसर उद्योगको अनुमति तथा नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा'** छलफल गर्दा कर्णाली प्रदेश सरकारबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, क्रसिङ्ग र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ जारी भएको साथै संघीय सरकारबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ जारी भएको सन्दर्भमा हालसम्म कर्णाली प्रदेश सरकारबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, क्रसिङ्ग र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ बमोजिम क्रसर उद्योग अनुमति तथा नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धी कार्य हुँदै आएकोमा नेपालको संविधानको धारा ५७ को उपधारा (६) अनुसार अव उप्रान्त यस सम्बन्धी कार्य संघीय सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५: 'कम्प्युटर ल्याव स्थापनाका लागि साझेदारी गर्ने सम्बन्धमा'** छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा KISC EQUIP र श्री आधारभूत विद्यालय मनकोट चौरजहारी नगरपालिका – ४, रुकुम (पश्चिम भाग) र माध्यमिक विद्यालय कोटजहारी चौरजहारी नगरपालिका-७, रुकुम (पश्चिम भाग) बीच कम्प्युटर ल्याव स्थापना गर्न द्विपक्षीय सम्झौता भइ फर्निचर खरिद तथा ल्याव व्यवस्थापन विद्यालयहरूले गर्ने सहमति भएकोमा विद्यालयहरूसँग आर्थिक स्रोतको अभाव भएकोले लागत साझेदारी वापतको रकम उक्त विद्यालयहरूलाई २ लाखका दरले यस चौरजहारी नगरपालिका कार्यालयबाट प्राविधिक लागत अनुमानको आधारमा तयार गरी यस नगरपालिकाको साझेदारी कार्यक्रम शीर्षकबाट खर्च लेख्ने गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६ : 'कक्षा सञ्चालन अनुमति र शिक्षक व्यवस्थापन सम्बन्धमा'** छलफल गर्दा श्री जनप्रिय आधारभूत विद्यालय अंगेरी चौरजहारी नगरपालिका- ८, रुकुम (पश्चिम भाग) मा यस अघि स्थानीय वासीको

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



ईश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

सक्रियतामा कक्षा १ को पठनपाठन सञ्चालन आएकोमा शैक्षिक सत्र २०८३ देखि उक्त विद्यालयलाई कक्षा १ सञ्चालनको अनुमति प्रदान गरी एक जना शिक्षक समेत व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : 'लिफ्ट खानेपानी कन्ट्रोलर खरिद गरी हस्तान्तरण गर्ने सम्बन्धमा'** छलफल गर्दा जलचौखे ग्रामीण सौर्य खानेपानी माझपोखरा उपभोक्ता समिति चौरजहारी नगरपालिका-६, खागल, रुकुम (पश्चिम भाग) ले माझपोखरामा सञ्चालित सौर्य पम्पिङ् खानेपानी आयोजनाको कन्ट्रोलर मर्मत हुन नसक्ने गरी बिग्रेर खानेपानी सञ्चालन हुन नसक्दा उपभोक्ताहरू खानेपानी सुविधाबाट वञ्चित भएकोले प्राविधिक लागत अनुमान तयार गरी कन्ट्रोलर खरिदको लागि खानेपानी मर्मत तथा सम्भार शीर्षकबाट भुक्तानी हुने गरी खानेपानी आयोजना सञ्चालन गर्ने व्यवस्थाका लागि नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८ : 'न्यायिक समितिको निर्णय तथा सहमति कार्यान्वयन गर्ने सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको न्यायिक समितिमा दर्ता भएको वादी भक्तबहादुर ओली चौरजहारी नगरपालिका-३, रुकुम (पश्चिम भाग) र प्रतिवादी कृष्णकुमारी मल्ल समेत भएको सार्वजनिक बाटो मिचिएको सम्बन्धी विवादमा न्यायिक समितिमा भएको मिति २०८२ साउन १५ गतेको सहमति पत्र र वादी निमबहादुर गोसाई चौरजहारी नगरपालिका-१, रुकुम (पश्चिम भाग) र प्रतिवादी चित्रपान आचार्य समेत भएको सार्वजनिक बाटो आवागमनमा बाधा अवरोध पुऱ्याएको सम्बन्धी न्यायिक समितिको मिति २०८२ माघ १० गतेको निर्णय कार्यान्वयन नभएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५२ बमोजिम उक्त सहमति र निर्णय कार्यान्वनयका लागि देहायबमोजिमको समिति गठन गरी आगामी दिनमा समेत तपसिलको समिति मार्फत न्यायिक समितिका निर्णय तथा सहमति कार्यान्वनय गर्ने साथै आवश्यकता अनुसार अन्य कार्यालयको समेत सहयोग लिने गरी आवश्यक समन्वय गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

श्री सुनिल बि.सी. – संयोजक – प्रशासकीय अधिकृत
श्री भीमबहादुर के.सी. सदस्य – इन्जिनियर छैठौं
श्री दीपेन्द्रकुमार बटाला – सदस्य – नगर प्रहरी सहायक निरीक्षक
श्री निर्मल ओली – सदस्य – वरिष्ठ प्रशासन सहायक
श्री देवबहादुर रोकाय – सदस्य सचिव – अभिलेख प्रशासक

**निर्णय नं. ९ : 'विपद्बाट प्रभावित नगरवासीको लागि राहत वितरण गर्ने सम्बन्धमा'** छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र विभिन्न मितिमा विपदबाट क्षतिभएका जनधनको क्षतिको सम्बन्धमा प्रहरी मुचुल्का सहित सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा क्षतिलाई आधार मानी नगरपालिकाको विपद् व्यवस्थापन कार्यविधि र विपद कोषको अवस्थाका आधारमा समानता हुने गरी राहत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : 'योजना सम्झौताको अन्तिम मिति किटान गर्ने सम्बन्धमा'** छलफल गर्दा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ का लागि उपभोक्ता समितिमार्फत सञ्चालन हुने स्वीकृत सम्पूर्ण योजना तथा कार्यक्रमहरू विविध कारणवस सम्झौता हुन बाँकी रहेका योजनाहरूको वडा कार्यालयको सहजीकरणमा उपभोक्ता समिति गठन गरी मिति २०८३ वैशाख २५ गतेभित्र अनिवार्य रुपमा सम्झौता गर्ने र तोकिएको मितिभित्र पनि सम्झौता हुन नसकेमा उक्त योजनाहरू चालु आ.व.मा कार्यान्वयन नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : 'सरकारी तथा सार्वजनिक जगाको संरक्षण र अतिक्रमण हटाउने सम्बन्धमा'** छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ४१२ मिति २०८३/०१/१७ गतेको



रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

पत्र तथा जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम भाग) को च.नं. ३४६९ मिति २०८३/०१/२२ गतेको पत्रद्वारा लेखिआए बमोजिम निम्नानुसार गर्ने निर्णय गरियो।

तपसिल

१. यस नगरपालिका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवारमध्ये भूमि समस्या समाधान आयोग (राष्ट्रिय भूमि आयोग) को लगत संकलन समेतलाई आधार मानी वास्तविक सुकुम्वासी पहिचानको लागि वडा कार्यालयहरू मार्फत विवरण माग गर्ने।
२. वास्तविक पहिचान गरिएका सुकुम्वासीहरूलाई तत्काल अन्यत्र व्यवस्थापनको लागि तयारी गर्ने र प्रति ऐलानी (सरकारी र सार्वजनिक) जग्गा अतिक्रमण हटाउन सुरक्षा व्यवस्थाको लागि जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने।
३. सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नगरिदिन र जोखिम पूर्ण स्थानमा बसोबास नगर्न नगरवासीलाई सुसूचित गराउने।
४. सरकारी तथा सार्वजनिक र प्रतिऐलानी जग्गा खाली गराउन तोकिएको अवधिमा सम्बन्धित व्यक्तिले खाली नगरेमा नगरपालिकाले खाली गराई लाग्ने खर्च सम्बन्धित पक्षबाट असुल गर्ने व्यवस्था गर्ने।
५. यस नगरपालिका क्षेत्रभित्रका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

**निर्णय नं. १२ : 'योजनाको नाम त्रुटी सच्याउने सम्वन्धमा'** छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार मिति २०८२ माघ १० गते बसेको नगर सभा बैठकबाट चौरजहारी नगरपालिका वडा नं. ११, रुकुम (पश्चिम भाग) स्थित खानेपानी आयोजनाको नाम तिमिलेचौर सल्लेरी धामीखोला खानेपानी योजना निर्माण हुनुपर्नेमा अन्यथा भइ तिमिलेचौर धामीखोला सिंचाइ ट्याङ्की निर्माण भएकोले उक्त योजनाको नाम त्रुटी सच्याइ तिमिलेचौर सल्लेरी धामीखोला खानेपानी योजना निर्माण गराउने र कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३ : 'आर्थिक विकास समितिको निर्णय अनुमोदन गर्ने सम्वन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक विकास समितिको मिति २०८३/०१/२१ गते बसेको बैठकले व्यवसायिक फलफूल खेति गर्ने कृषकहरूको लागि बारीमा प्लास्टिक पोखरी तथा साना सिंचाइ कार्यक्रम सञ्चालन गर्न प्रस्तावहरू गरिएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १४ : 'पार्किङ्ग व्यवस्थापन सम्वन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग) मा निर्माण भएको वसपार्क उपयोग विहिन अवस्थामा रहेको तर बजारक्षेत्र भरी सवारी साधनहरू अव्यवस्थित रूपमा छरिएर रहने गरेको देखिएकोले सार्वजनिक यातायातका सवै सवारी साधनहरूलाई चौरजहारी नगरपालिका वडा नं. १ र २ मा निर्मित वसपार्कमा सवै सार्वजनिक सवारी साधनको पार्किङ्ग व्यवस्थापन गर्न आवश्यक कार्यका लागि कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. १५ : 'अनुगमन तथा छानविन समिति गठन गरी कार्यक्षेत्र तोक्ने सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको सुशासन, सेवा प्रवाह, खरिद व्यवस्थापन, राजस्व संकलन लगायत आयोजनाहरूको भुक्तानी सम्बन्धमा तपसिलको कार्यक्षेत्रमा रही १५ (पन्ध्र) दिनभित्र सत्यतथ्य छानविन तथा अनुगमन गरी प्रतिवेदन बुझाउने गरी देहायको अनुगमन तथा छानविन समिति गठन गर्ने निर्णय गरियो।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

CamScanner

(क) **समितिको विवरण :**

१. श्री श्रीकृष्ण शर्मा– १३ नं. वडा अध्यक्ष - संयोजक
२. श्री गोपालबहादुर भण्डारी – ४ नं. वडा अध्यक्ष - सदस्य
३. श्री विरेन्द्र रोकाय – १० नं. वडा अध्यक्ष - सदस्य
४. श्री नगरबहादुर मल्ल – ९ नं. वडा अध्यक्ष - सदस्य
५. श्री उमादेवी सुनार – कार्यपालिका सदस्य - सदस्य
६. श्री सुनिल वि.सी. – प्रशासकीय अधिकृत - प्रशासन, योजना तथा अनुगमन शाखा - सचिव

(ख) **समितिको कार्यक्षेत्र :**

१. ढुङ्गा, गिट्टी, वालुवाको राजस्व संकलनको अवस्था र नगर वस, एम्बुलेन्स, व्याकहोलोडर र अन्य सवारीबाट उठ्ने राजस्व सम्बन्धमा।
२. क्रसर उद्योग (हाल सञ्चालन भएको र सञ्चालनको लागि आवेदन दिएकाहरू) व्यवसाय शुल्क, कच्चा पदार्थको स्रोत, स्लेट ढुङ्गा लगायत।
३. सरकारी तथा सार्वजनिक प्रति ऐलानी जग्गा (भूमिहीन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबास लगायत) को सम्बन्धमा।
४. कार्यालय सञ्चालनसँग सम्बन्धित सुशासन, सेवा प्रवाह, खरिद व्यवस्थापन, आयोजनाको भुक्तानी सम्बन्धी।
५. सरकारी तथा गैरसरकारी संघ संस्थालाई दिएको अनुदान।
६. वन पैदावार पशुपन्छी लगायत नगरको आन्तरिक आम्दानी हुने सवै क्षेत्र।
७. नगरपालिकाको सेवा प्रवाह, सुशासनसँग सम्बन्धित वित्तीय अनुशासन लगायतका विषय।
८. शिक्षक नियुक्ति, विद्यार्थी भर्ना तथा विद्यालयको आम्दानी र खर्च लगायत विद्यालय संञ्चालन सम्बन्धी।

**निर्णय नं. १६ : 'शिबिर सञ्चालनको लागि स्थान तोक्ने सम्बन्धमा'** छलफल गर्दा हेल्थ केयर अस्पताल तथा प्रसुती गृह प्रा.लि. नेपालगञ्ज, बाँकेको आयोजनामा सञ्चालन हुने निसन्तान तथा बाझोपन सम्बन्धी स्वास्थ्य शिबिर यस चौरजहारी नगरपालिका-१० स्थित सहिद् स्मृति नगर अस्पताल, खोलागाउँमा मिति २०८३/०२/१६ गते बिहान ९:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १७ : 'अस्पताल सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका-१० स्थित सहिद स्मृति नगर अस्पतालको अस्पताल सञ्चालक समितिको मिति २०८३/०१/१० गते बसेको बैठकबाट भएका निर्णयहरू अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. १८ : 'नवप्रवर्द्धन साझेदारी परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा'** छलफल गर्दा कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत प्रदेश कार्यक्रम इकाईबाट मिति २०८२ पौष ७ गते प्रकाशित सूचना बमोजिम यस नगरपालिकाको प्रविधिमैत्री शिक्षाका लागि डिजिटल कक्षाकोठा व्यवस्थापन परियोजना कार्यक्रम सञ्चालन गर्न कुल लागत रु. ७८०००००/- (अठत्तर लाख रुपैयाँ मात्र) मा ७० प्रतिशतले हुन आउने नवप्रवर्द्धन कार्यक्रम साझेदारी रु. ५४६००००/- (चौउन्न लाख साठ्ठी हजार रुपैयाँ मात्र) र ३० प्रतिशतले हुन आउने स्थानीय तहबाट रु. २३४००००/- (तेइस लाख चालिस हजार रुपैयाँ मात्र) रकम लागत साझेदारी भएकोले

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

CamScanner

कुल ७८०००००/- (अठहत्तर लाख रुपैयाँ मात्र) को बजेट तपसिल बमोजिमक ब्रेकडाउन गरी उक्त शीर्षकको बजेट कार्यान्वनय गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | बजेट शीर्षक | ब्रेक डाउन रकम | कैफियत |
|---|---|---|---|
| १ | नवीनतम् प्रविधिमा आधारित शिकाई सामग्री (इन्ट्र्याक्टिभ स्मार्ट बोर्ड, ल्यापटप र पावर ब्याकअप) खरिद | ६३,००,०००/- | |
| २ | सुविधा सम्पन्न कक्षा कोठा व्यवस्थापनका लागि फर्निचर तथा फर्निसिङ्ग | १४,००,०००/- | |
| ३ | नवीनतम प्रविधिमा आधारित क्षमताविकास तालिम | १,००,०००/- | |
| जम्मा | | ७८,००,०००/- | |

**निर्णय नं. १९ : "हरित जहारीखोला कार्यक्रम कार्यान्वयन सम्बन्धमा"** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार मिति २०८२/११/२७ गतेको कार्यपालिका बैठकबाट हरित जहारीखोला कार्यक्रम वडा नं. ८ मा कार्यान्वयन गर्ने गरी छनोट भएकोमा उपयुक्त जग्गा उपलब्ध हुन नसकेमा सीमाना जोडिएको क्षेत्र वडा नं. ७, ३ र २ मा सम्बन्धित लागग्राहीहरूले जग्गा भाडामा लिई कार्यक्रम कार्यान्वयन गर्न सक्ने निर्णय गरियो।

**निर्णय नं. २० : "विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धमा"** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम सञ्चालित योजनाहरूको अनुगमन तथा निरीक्षण, बालुवा, गिट्टी, ढुङ्गा लगायतका प्राकृतिक स्रोतहरूको राजस्व सङ्कलन तथा अन्य महत्वपूर्ण कार्यहरूमा खटिएका कर्मचारीहरूलाई कार्य सम्पादनको प्रकृति र आवश्यकताका आधारमा प्रति व्यक्ति न्यूनतम ५ (पाँच) लिटरदेखि अधिकतम १० (दश) लिटरसम्म इन्धन उपलब्ध गराउने गरी प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख